# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## वाग्मती प्रदेश, नेपाल

प.सं. २०७६/०७७
च.नं. ४३२१

### भरतपुर महानगरपालिकामा

### निजी क्षेत्रबाट लगानी गरिने बहुउद्देश्यीय व्यवसायिक भवनको हाल सम्मको प्रगति

राष्ट्रले लिएको आर्थिक समद्धिको लक्ष्य हासिल गर्न सार्वजनिक-निजी साझेदारी (**सा.नि.सा.**) लाई वर्तमान सन्दर्भमा भरपर्दो विधिको रुपमा लिन सकिन्छ । यस विधिवाट अन्तराष्ट्रिय जगत्मा विभिन्न गौरवका परियोजनाहरु सफलतापूर्वक संचालन भएका छन् । नेपाल सरकारले अंगिकार गरेको तीन खम्बे अर्थनीतिलाई अनुरुप भरतपुर महानगरपालिकाले यस विधिवाट स्थानीय तहका गौरवका परियोजनाहरु निर्माणका लागि सार्वजनिक-निजी साझेदारी (Public Private Partnership) ऐन, २०७५ र सार्वजनिक-निजी साझेदारी नियमावली, २०७६ पारित गरी कार्यान्वयनको चरणमा ल्याइसकेको छ ।

नयाँ निर्माण भन्दा पनि भौतिक संरचनाहरुको नियमित मर्मत संभार एवं संचालनले ठूलो महत्व राख्दछ । निजी क्षेत्रवाट संचालन गरिने कुनै पनि नयां संरचना निर्माणका कार्यहरु स्वयम्ले नै अपनत्व लिई दिनरात नभनी आफ्नो लक्ष्य चुम्न निजी क्षेत्र सधै प्रयासरत रहन्छ । निजी क्षेत्रको यस महत्वपूर्ण अवधारणालाई मध्यनजर गर्दै भरतपुर महानगरपालिकाले वडा नं. ३ स्थित आफ्नै स्वामित्वमा रहेको करिव १२ (वाह्र) कट्ठा जग्गामा वहुउद्देश्यीय व्यवसायिक भवनको **डिजाइन, विकास, निर्माण, वित्त, संचालन तथा हस्तान्तरण पद्दति** द्वारा निजी क्षेत्रको लगानीमा तयार गर्न मनसायपत्र (Expression of Interest) आव्हान गरिएकोमा मिति २०७६।११।१८ गते निजी क्षेत्रवाट हामी लगानी गर्न तयार छौं भन्ने मनसाय सहित ७ (सात) वटा मनसायपत्रहरु महानगरपालिकामा पेश हुन आएकोमा सम्वन्धित सवैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

देशका सवै स्थानीय तहहरुलाई समेत मार्ग प्रशस्त हुने गरी नमूनाको रुपमा प्रयोगमा ल्याउने गरी सा.नि.सा. विधिलाई भरतपुरले अगाडि बढाएको छ । त्यसैले महानगरले लिएको यस पुनित कार्यमा सवै नगरवासी, शभेच्छुक एवं स्थानीय सरोकारवालाहरुवाट सकारात्मक सहयोग प्राप्त हुने विश्वास लिएका छौं । मनसायपत्रदाताहरुको संक्षिप्त सूचीमा परेका निजी क्षेत्रका फर्महरुलाई छिट्टै नै प्रस्ताव पत्र (Request for Proposal) आव्हान गर्ने तयारीमा सार्वजनिक-निजी साझेदारी इकाई प्रवर्द्धन समिति र समग्र महानगरपालिका परिवार लागि परेको व्यहोरा समेत सहर्ष जानकारी गराउन चाहन्छौं ।

धन्यवाद् !

अरुणपीडित भण्डारी
प्रवक्ता

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिपद्‌बाटमहानगरपालिकाघोपणामितिफाल्गुन २७, २०७३)

Scanned by CamScanner